संवत् २०७६ सालको ऐन नं. ६

# आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “ प्रदेश विनियोजन ऐन,२०७६” रहेको छ।

(२) यो ऐन संवत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७६/०७७को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक बर्ष २०७६/०७७ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू.४७,५९,५५,८६,०००।- (अक्षरेपि सतचालीस अर्ब उनान्साठी करोड पचपन्न लाख छयासी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** : (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा नपुग हुने देखिन

आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट नपुग हुने अनुदान संख्या रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकहरूमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो, सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. **<u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था</u>** : (१) अनुदान संख्या ८०१ को रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको श्रावण ३० गते,

कार्तिक ३० गते, माघ ३० गते र वैशाख ३० गते गरी चार किस्तामा दाखिल गर्नेछ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १५ गते, माघ १५ गते, चैत्र १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण २५ गते भित्र पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(५) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान अन्तर्गत पहिचान भैसकेका कार्यक्रमहरुको रकम मात्रको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र ५ गते, मङ्सिर १५, फागुन १५ र वैशाख ३० गते दाखिल गर्नेछ।

(६) उपदफा (५) बमोजिमको सशर्त अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको मङ्सिर १ गते, फागुन १ गते, वैशाख १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण २५ गते भित्र पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (६) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान वापतको बाँकी किस्ता रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(८) पहिचान गरिने सशर्त अनुदानका योजनाका  सम्बन्धमा योजना छनौट गर्दाका बखत भएको निर्णय बमोजिम गर्नु पर्नेछ।

(९) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम छनौट भएका योजनाहरुका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ।

(१०) सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

५. **<u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था</u>** : (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम संघीय सरकारको एकाई तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

६. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था</u>** : (१) स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्नेछः-

(क) संघ तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) आफूलाई प्राप्त हुने सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनको लागि मात्र प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोज नभएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) आय व्ययको वर्गीकरण तथा लेखाङ्कन प्रचलित कानूनले निर्धारण गरे बमोजिम राख्नु पर्ने।

७. **लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षणः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१)वमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) वमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिन भित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरूलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिका कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **प्रदेश सरकारको निर्णय बमोजिम गर्नु पर्नेः** (१) वित्त हस्तान्तरण अनुदान बाहेक विषयगत मन्त्रालय तथा निकायबाट अनुदान प्रदान गर्दा प्रदेश सरकारबाट जारी गरिएको कार्यविधि अनुरुप प्रदान गर्नु पर्नेछ।

(२) प्रदेश सशर्त, समपूरक, विशेष अनुदान कार्यान्वयन गर्दा प्रदेश सरकार, मन्त्रिपरिषद्‌को निर्णय अनुसार गर्नु पर्नेछ।

१०. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने** : (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

११. **<u>आदेश जारी गर्न सक्ने</u>** : (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

प्रदेशसभा, प्रदेश नं. ३

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

<u>नेपालको संविधानको धारा २०६ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>

(रकम रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | १२१०० | ० | ० | १२१०० |
| २ | ६०२ | अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | २०० | ० | ० | २०० |
| जम्मा | | | १२३०० | ० | | १२३०० |

## अनुसूची २

(दफा २ र ३ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाटविनियोजन हुने रकम**

(रकम रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान संख्या** | **शीर्षक** | **चालु खर्च** | **पूँजीगत** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | २७२९५९ | १४०१५५ | ० | ४१३११४ |
| २ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १४८६४ | १०५० | ० | १५९१४ |
| ३ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५४८१०८ | ७४००० | ० | ६२२१०८ |
| ४ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २७५४१३ | ३८०३० | ० | ३१३४४३ |
| ५ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५३६६०४ | ३४४८४६० | ० | ४९८५०६४ |
| ६ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४२९९९०७ | ६२८९३७ | ० | ४९२८८४४ |
| ७ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २७७१०० | १२१६००० | ० | १४९३१०० |

प्रदेशसभा, प्रदेश नं. ३

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान संख्या** | **शीर्षक** | **चालु खर्च** | **पूँजीगत** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३२७८७७२ | १४५४०९९३ | ० | १७८१९७६५ |
| ९ | ३५० | सामाजिक विकास मन्त्रालय | ४४८०६३३ | १७२९४२८ | ० | ६२१००६१ |
| १० | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ४३१७४ | २१९०० | ० | ६५०७४ |
| ११ | ५०१ | वित्तीय व्यवस्था तथा शेयर लगानी | ० | ० | ३००००० | ३००००० |
| १२ | ६०२ | अर्थ विविध | ७५९०००० | १०००९४३ | ० | ८५९०९४३ |
| १३ | ८०१ | स्थानीय तह | १८३८१५६ | ० | ० | १८३८१५६ |
| जम्मा | | | २४४५५६९० | २२८३९८९६ | ३००००० | ४७५९५५८६ |

प्रदेश नम्बर तीनको प्रदेश सभाको सम्वत् २०७६ साल असार ११ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो अर्थ विधेयक पारित गरेको व्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु।

.........
सानु कुमार श्रेष्ठ
सभामुख

पारित मिति : २०७६।३।१२

प्रदेश नम्वर तीनको प्रदेश सभाको सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

(अनुराधा कोइराला)
प्रदेश प्रमुख

मिति: २०७६/३/२९

प्रदेशसभा प्रदेश नं. ३